कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.
नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत पत्र प्राप्त संस्था

काठमाडौं-३० ज्ञानेश्वर, नेपाल, फोन नं. : ०१-४४४०११५, ४४४०११६, फ्याक्स नं. : ०१-४४४०१३४
E-mail: info@kamanasewabank.com, http://www.kamanasewabank.com

# नगद लाभांश वितरण सम्बन्धी सूचना

कामना सेवा विकास बैंक लिमिटेडको मिति २०७५/०३/३२ गते सम्पन्न ११औं वार्षिक साधारण सभाबाट शेयरधनीहरूलाई हाल कायम चुक्ता पूँजी रू.२,३७,२१,८५,३२६.२९ को ६.५० प्रतिशतको दरले नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित भए बमोजिम उक्त नगद लाभांश **आज मिति २०७५/०४/१७ गते बिहिबार**देखि IPS मार्फत सम्बन्धित शेयरधनीको हितग्राही खातामा उल्लेख भएको बैंक खातामा जम्मा गर्ने व्यवस्था गरिएकोले सम्पूर्ण शेयरधनीहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । नेपाल धितोपत्र बोर्डको निर्देशन बमोजिम नगद लाभांश वापतको रकम शेयरधनी महानुभावहरूको बैंक खातामा नै रकमान्तर गरिने हुँदा शेयर अभौतिकीकरण गरी आफ्नो हितग्राही खातामा बैंक खाता नम्बर अद्यावधिक गराएका शेयरधनीहरूको बैंक खातामा मिति २०७५/०४/१७ गते बिहिबारदेखि नगद लाभांश जम्मा गर्न शुरू गरिने र हालसम्म पनि अभौतिकीकरण नगराउनु भएका तथा हितग्राही खातामा बैंक खाताको विवरण अद्यावधिक नगराउनु भएका शेयरधनीहरूले देहाय बमोजिम गर्नुहुन अनुरोध गर्दछौं ।

क) शेयरको प्रमाणपत्र अभौतिकीकरण गरिसक्नु भएका शेयरधनीहरूले यथाशिघ्र आफूले हितग्राही खाता खोलेको सम्बन्धित निक्षेप सदस्यमा सम्पर्क गरी नेपाल क्लियरिङ् हाउसको IPS सदस्यता प्राप्त कुनै पनि बैंक तथा वित्तीय संस्थामा रहेको आफ्नो बैंक खाता सम्बन्धी विवरण अद्यावधिक गराउनु हुन ।
ख) हालसम्म पनि हितग्राही खाता खोल्न बाँकी शेयरधनी महानुभावहरूले एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौं वा आफूलाई पायक पर्ने कुनै पनि निक्षेप सदस्यकोमा हितग्राही खाता खोली आफ्नो शेयरहरू अभौतिकीकरण गर्नुहुन ।
ग) शेयर भौतिक रूपमा नै राख्न चाहने शेयरधनीहरूले आफ्नो नाम, थर, तीन पुस्ते विवरण र बैंक खाताको विवरण सहितको निवेदन शेयर रजिष्ट्रार एनएमबि क्यापिटलमा प्रदान गरिदिनु हुन ।
घ) बैंक खातामा नगद लाभांश जम्मा गर्दा सम्बन्धित बैंक वा वित्तीय संस्थाको नियमानुसार कुनै शुल्क लाग्ने भएमा सो शुल्क शेयरधनीले नै व्यहोर्नु पर्नेछ ।
ङ) उपरोक्त बमोजिम बैंक खाता नम्बर अद्यावधिक गराएका शेयरधनीहरूलाई CDSC बाट हरेक हप्ता प्राप्त हुने अद्यावधिक विवरणको आधारमा क्रमानुसार बैंक खातामा नगद लाभांश जम्मा गर्ने व्यवस्था मिलाइने छ ।

साथै, यस विकास बैंकको शेयर मिति २०७५/०३/१७ गतेसम्म धितोबन्धक राखी कर्जा सुविधा उपभोग गर्नु भएका शेयरधनीहरूले सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट No Objection Letter प्राप्त भए पश्चात तथा सो मिति पछि कर्जा चुक्ता गरिसक्नु भएका शेयरधनीले सम्बन्धित बैंक तथा वित्तीय संस्थाको नगद लाभांश फुकुवा पत्र (Cash Dividend Release Letter) प्राप्त भए पश्चात मात्र नगद लाभांश बैंक खातामा जम्मा गरिने व्यहोरा समेत यसै सूचना मार्फत सूचित गर्दछौं ।

**नोट** : संस्थापक शेयरधनीहरूको नगद लाभांश वितरण कामना सेवा विकास बैंक लिमिटेड, ज्ञानेश्वर, काठमाडौंबाट गरिने व्यहोरा सम्पूर्ण संस्थापक शेयरधनी महानुभावहरूलाई यसै सूचना मार्फत जानकारी गराइन्छ ।

NMB CAPITAL LIMITED

**शेयर रजिष्ट्रारः**

**एनएमबि क्यापिटल लिमिटेड**
नागपोखरी, काठमाडौं, नेपाल, फोन नं. ४४३७९६३, फ्याक्स नं. ४४३७९६०
E-mail: info@nmbcl.com.np Url: www.nmbcapital.com.np